**सर्वोच्च अदालत, पूर्ण इजलास**
**माननीय न्यायाधीश श्री कुमार रेग्मी**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

**आदेश**

०८२-WF-००२२

**विषयः- बन्दी प्रत्यक्षीकरण।**

बारा जिल्ला, सुवर्ण गाउँपालिका वडा नं. ८ मा घर भई हाल कारागार कार्यालय पर्सा वीरगन्जमा थुनामा रहेका राजकिशोर प्रसाद यादवको हकमा अधिवक्ता **कृष्णमुरारी रौनियार**..........................................................................१ निवेदक

**विरुद्ध**

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्ज ..................................१
जिल्ला प्रशासन कार्यालय बारा, कलैया................................................१
ऐ.का प्रमुख जिल्ला अधिकारी..........................................................१ विपक्षी
बारा जिल्ला अदालत.........................................................................१
कारागार कार्यालय पर्सा, वीरगन्ज......................................................१

**यस अदालतको संयुक्त इजलासबाट भएको आदेश विवरण**

आदेश गर्ने न्यायाधीशहरुः-माननीय न्यायाधीश डा.श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल
आदेश मितिः २०८२।०८।०७

यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम २ को खण्ड (ङ) बमोजिम यस अदालतमा पेस गर्नू भनी मिति २०८२।०८।०७ मा आदेश भएबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।

## संक्षिप्त तथ्य

१. म निवेदकउपर बारा जिल्ला अदालतमा रामपुकार ठाकुरको जाहेरीले नेपाल सरकार विरुद्ध म समेत भएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम अभियोग दायर भएकोमा उक्त मुद्दामा मबाट रु.१५,०००।- नगद वा धरौट दाखिल गरे तारेखमा राख्नु र दाखिला नगरे थुनामा राख्नु भनी मिति २०८१।०८।२७ मा आदेश भएकोमा सो आदेशबमोजिम मैले सोही दिन धरौट राखी तारेखमा बसी आएको छु। सोही दुर्घटनाको विषयमा वादी नेपाल सरकारले जिल्ला प्रशासन कार्यालय बारामा औषधी उपचार, किरिया खर्च तथा क्षतिपूर्ति मुद्दा समेतमा अभियोग पत्र दर्ता गरी विपक्षी जिल्ला प्रशासन कार्यालय बारामा मलाई उपस्थित गराई मिति २०८१।०९।०२ मा मेरो बयान समेतको कार्य गराई विपक्षी प्रमुख जिल्ला अधिकारीले मलाई रु.९,२०,०००।- (नौ लाख बिस हजार रुपैयाँ) नगदै वा सो बराबरको जेथा जमानत माग गर्नु, धरौट जमानत दाखिल नगरे थुनामा राख्नु भनी कारागार कार्यालय पर्सा वीरगञ्जमा थुनामा राख्न पठाउनु भनी मिति २०८१।०९।०२ मा आदेश गरेकोमा सो आदेशउपर बारा जिल्ला अदालतमा बेरितको आदेश बदर गरिपाउँ भनी निवेदन दिएकोमा प्रमुख जिल्ला अधिकारीको आदेशलाई नै सदर गर्ने गरी मिति २०८१।१०।११ मा बारा जिल्ला अदालतबाट आदेश भएकोले म निवेदक राजकिशोर प्रसाद यादव हालसम्म विपक्षी कारागार कार्यालयको थुनामा बसेको छु।

२. विपक्षी जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ (१) अनुरुप नगद वा सो बराबरको जेथा जमानत धरौटी माग गर्दै बुझाउन नसके ऐ. ऐनको दफा ६८ बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा पठाउने गरी आदेश भएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ ले तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा अदालतले कारण खोली पुर्पक्षको लागि थुनामा राख्न सक्ने व्यवस्था गरेको ऐ.ऐ. को दफा ६७ ले प्रष्टतः हुन सक्ने कैदको आधारमा मात्र थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न सक्ने व्यवस्था गर्दै दफा ६८ ले दफा ६७ को अवस्थामा हुने बाहेकका अन्य अभियुक्तउपर अभियोग प्रमाणित हुने मनासिब आधार भएमा धरौटी माग

गर्न सक्ने व्यवस्था गरेकोलाई विपक्षी जिल्ला प्रशासन कार्यालयबाट अदालतले मात्र प्रयोग गर्ने कानूनी प्रावधानको गलत प्रयोग गरी धरौट माग गरी दफा ६८ (२) अनुरुप थुनामा राख्ने भनी भएको आदेश कानून विपरीत छ।

३. कुनै पनि व्यक्ति निकाय तथा अधिकारीले आफूलाई कानूनले दिएको अधिकारभित्र रही काम गर्नुपर्दछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ ले प्रष्टतः दफा ६७ र ६८ को अवस्था बाहेक अन्य अवस्थामा अभियुक्त अदालतमा हाजिर भएपछि निजलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था रहेको छ। यी कानूनी प्रावधान अनुरुप म निवेदकलाई तारेखमा राखी मुद्दा पुर्पक्ष गर्नुपर्नेमा आकर्षित हुनै नसक्ने कानूनको प्रयोग गरी धरौट भाग गरी धरौट रकम बुझाउन नसकेको गैरकानूनी आदेशलाई बारा जिल्ला अदालतबाट समेत सदर गर्ने गरी मलाई थुनामा राख्ने गरी दिएको थुनुवा पुर्जी समेतका सम्पूर्ण कामकारबाहीबाट म निवेदकको संविधान प्रदत्त स्वतन्त्रताको हक, समानताको हक, न्याय सम्बन्धी हक समेतमा आघात पर्ने गरी विपक्षी जिल्ला प्रशासन कार्यालय बाराबाट आकर्षित हुनै नसक्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१) अनुरुप धरौट माग गर्ने गरी भएको गैर कानूनी आदेशलाई सदर गर्ने गरी बारा जिल्ला अदालतबाट भएको आदेश बदर गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ।

४. ने.का.प. २०७८, नि.नं. १०८०२ मा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ मा अभियुक्त अदालतमा हाजिर भएको अवस्थामा सवारी दुर्घटनाबाट भएको हानी नोक्सानी भराउने सम्बन्धमा जिल्ला अदालतबाट अधिकार नभई त्यस्तो अधिकार कानूनी प्रावधान अनुसार प्रमुख जिल्ला अधिकारीलाई सुम्पिएको र सो मुताविक उक्त क्षतिपूर्ति मुद्दा जिल्ला प्रशासन कार्यालयमा दायर भएको देखिएकोले सो दफामा अदालत भन्ने शब्द उल्लेख भएबाटै प्रमुख जिल्ला अधिकारीले उक्त दफा ६९ मा भएको प्रावधान अनुसार गर्नु नपर्ने भन्न नमिल्ने भनी प्रतिपादित नजिर सिद्धान्त विपरीत भएको आदेशको आधारमा हालसम्म म कारागार कार्यालयमा बन्दी जीवन बिताउन बाध्य भएको छु। सो आदेशउपर अन्य कानूनी उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त प्रभावहीन देखिने र मैले लामो समयसम्म गैरकानूनी रुपमा थुनामा बसिरहनु पर्ने अवस्था भएको हुँदा

संविधानको संरक्षक र मौलिक हकको संरक्षण गर्ने अभिभावक सम्मानित अदालतमा संविधानको धारा १३३(२) बमोजिम प्रस्तुत रिट निवेदन गर्न आएको छु। प्रस्तुत रिट निवेदनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को प्रयोग देवानी दायित्वमा हुन्छ हुँदैन भन्ने अहम प्रश्न प्रस्तुत रिट निवेदनमा भएको र मेरो थुना वैध हुने हो होइन भन्ने कुराको विरुद्धमा प्रस्तुत रिट निवेदनमा टड्कारो रुपमा देखिएको छ।

५. अतः उपरोक्त प्रकरणहरुमा उल्लेख भएबमोजिम नेपालको संविधान, संहिताको प्रचलित नेपाल कानून तथा नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धी सम्झौता परिपत्र तथा सम्मानित सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त प्रतिकूल मौलिक तथा कानूनी हक हनन् गरी विपक्षीहरुको उक्त गैर कानूनी तथा गैर संवैधानिक कार्यहरुबाट म निवेदकलाई नेपालको संविधानको धारा १६, १७, १८, २०, र ३९ द्वारा प्राप्त मौलिक हक हनन् भई बन्दी जीवन निर्वाह गर्नुपर्ने बाध्यता रहेकोले बन्दी प्रत्यक्षीकरणको आदेश लगायत जे जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जीसमेत जारी गरी मलाई थुना मुक्त गरिपाउँ भनी बन्दी राजकिशोर प्रसाद यादवले **यस अदालतसमक्ष पेस गरेको रिट निवेदन।**

६. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश हुन नपर्ने भए आधार र कारणसहित सूचना पाएका मितिले बाटाका म्याद बाहेक ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जबाफ पेस गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको एक/एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जबाफ परे व अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू भनी मिति २०८२।०६।१३ मा यस **अदालतबाट भएको आदेश।**

७. निवेदक प्रतिवादी भएको औषधी उपचार, किरिया खर्च तथा क्षतिपूर्ति मुद्दा जिल्ला प्रशासन कार्यालय बारामा दर्ता भई जिल्ला प्रशासन कार्यालय बाराबाट प्रतिवादी राजकिशोर प्रसाद यादवसँग रु.९,२०,०००।- धरौट माग गर्ने आदेश भएकोमा जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारीबाट भएको बेरितको आदेश बदर गरिपाउँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम परेको निवेदनमा सुरु जिल्ला प्रशासन कार्यालय बाराबाट भएको आदेश बेरितको नदेखिँदा सदर हुने ठहरी **यस**

**अदालतबाट आदेश भएको हो।** प्रतिवादी राजकिशोर प्रसाद यादवसँग जिल्ला प्रशासन कार्यालयबाट माग भएको धरौट यस अदालतबाट सुरु सदर हुने ठहरी भएको आदेशले निज निवेदकको संवैधानिक, कानूनी हकमा आघात नपुगेको नपुर्‍याएको हुँदा यस अदालत समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भनी विपक्षी मध्येका **बारा जिल्ला अदालतको तर्फबाट यस अदालतसमक्ष पेस भएको लिखित जबाफ।**

८. यसमा रामपुकार ठाकुरको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राज किशोरप्रसाद यादवसमेत भएको औषधी उपचार, किरिया खर्च तथा क्षतिपूर्ति मुद्दामा यस कार्यालयको मिति २०८२।०९।०२ को थुनछेक आदेशबमोजिम प्रतिवादी राजकिशोर प्रसाद यादवसँग रु.९,२०,०००।- (अक्षरेपी नौ लाख बिस हजार) धरौट माग गरिएकोमा निजले उक्त धरौट रकम दाखिला गर्न नसकेकाले, यस कार्यालयको च.नं. ९१५८, मिति २०८२।०९।०२ को पत्रानुसार निजलाई पुर्पक्षका लागि थुनामा राख्न श्री कारागार कार्यालय, वीरगञ्ज, पर्सामा पठाइएको व्यहोरा सत्य साँचो हो। यसैगरी, उक्त मुद्दाका तीन प्रतिवादीहरू मध्येका एक प्रतिवादी राकेश दास भन्ने उमेशकुमार दास हालसम्म फरार रहेकोले निजको नाममा म्याद तामेल गर्ने प्रयोजनका लागि यस कार्यालयको च.नं. ३००१, मिति २०८२।०६।०२ को पत्रद्वारा जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरिएको छ। अतः उल्लिखित मुद्दा यस कार्यालयमा हाल विचाराधीन अवस्थामै रहेको तथ्य स्पष्ट हुँदा, यस कार्यालयलाई समेत विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गरिएको प्रस्तुत रिट निवेदन कानूनतः खारेजभागी भएकाले खारेज गरिपाउँ भनी विपक्षी मध्येका **जिल्ला प्रशासन कार्यालय बारा र आफ्नो हकमा ऐ.का प्रमुख जिल्ला अधिकारीले यस अदालतसमक्ष पेस गरेको लिखित जबाफ।**

९. यसमा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा परेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहरी फैसलासमेत भइसकेको भनी निवेदकले रिट निवेदनको प्रकरणमा ५ मा उल्लेख गरेको देखिंदा सो निवेदनमा भएको फैसला समेतको प्रमाणित प्रतिलिपि कागजात निवेदकबाटै पेस गर्न लगाई नियमानुसार पेस गर्नू भनी **मिति २०८२।०७।२७ मा यस अदालतबाट भएको आदेश।**

१०. प्रमुख जिल्ला अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८

बमोजिम घाँ खर्च, उपचार खर्च र क्षतिपूर्ति बापतको रकम धरौट राख्न दिएको आदेश एवम् उक्त आदेश सदर गरेको बारा जिल्ला अदालतको मिति २०८१।१०।११ को आदेश कानूनसम्मत देखिएकोले गैरकानूनी थुना भनी मान्न नमिलेबाट निवेदकको मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। विकाश तामाङको हकमा पिता वीरबहादुर तामाङ विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत भएको मुद्दामा (ने.का.प.२०७८ चैत्र, अङ्क १२, नि.नं.१०८०२) तथा निवेदक पुजन तिमिल्सेनाको हकमा सुलभ खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत (ने.का.प.२०७८ चैत्र, अङ्क १२, नि.नं.१०८६५) को मुद्दामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ र १६२ बमोजिम दायर भएको मुद्दामा प्रतिवादीलाई कैद तथा जरिबाना सजाय स्वरुप निर्धारण भएपछि मात्र घाँ खर्च, किरिया खर्च वा क्षतिपूर्ति भराउन आदेश दिनुपर्ने भनी सिद्धान्त कायम भएको तर ऐ.दफा १६३ को संरचना हेर्दा दुर्घटनाबाट पीडितको घाँ खर्च तथा औषधोपचार जस्ता रकम प्रमुख जिल्ला अधिकारीले "तत्काल" भराइ दिनुपर्ने देखिन्छ। सान्दर्भिकता र औचित्यको दृष्टिले पनि यस्तो रकम पीडितलाई तत्काल उपलब्ध गराउनुपर्ने देखिन आउँछ। उल्लिखित मुद्दामा गरिएको कानूनको व्याख्या एवम् प्रतिपादित सिद्धान्त नेपालको संविधान प्रदत्त अपराध पीडितको हक एवम् सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ को व्यवस्था र मर्म अनुकूल समेत नहुँदा उक्त व्याख्या र सिद्धान्तसँग यो इजलास सहमत हुन सकेन। तर समान तहको इजलासबाट प्रतिपादित सिद्धान्तको विपरीत हुने गरी यस इजलासबाट अन्यथा व्याख्या हुनु नजिरको पदसोपानको सिद्धान्त अनुकूल समेत नहुने भएकाले प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (ङ) बमोजिम प्रस्तुत मुद्दा नियमानुसार पूर्ण इजलासमा पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतको **संयुक्त इजलासबाट भएको मिति २०८२।८।७ को आदेश।**

## यस अदालतको आदेश

११. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा संयुक्त इजलासको आदेश सहितको मिसिल कागजात अध्ययन गरियो।

१२. निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी र विद्वान् अधिवक्ता श्री कृष्ण मुरारी रौनियारले जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१) बमोजिम नगद धरौट वा सो बराबरको जेथा जमानत माग गरी बुझाउन वा दिन नसके थुनामा राख्न गरी आदेश भएको छ। पुर्पक्षका लागि थुनामा राख्ने भनेको तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको अवस्थामा हो। प्रस्तुत विषय औषधी उपचार, किरियाखर्च र क्षतिपूर्तिको भएकोले दफा ६७ र दफा ६८ को अवस्थाको विद्यमानता छैन। दफा ६७ र ६८ को अवस्थाको विद्यमानता नभएको अवस्थामा दफा ६९ बमोजिम तारेखमा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने हो। तर प्रमुख जिल्ला अधिकारीबाट अदालतले मात्र प्रयोग गर्ने कानूनी प्रावधानको गलत प्रयोग गरी दफा ६८(२) बमोजिम हाम्रो पक्षलाई थुनामा राख्ने कानून विपरीतको आदेश गरिएको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम औषधी उपचार, किरियाखर्च र क्षतिपूर्तिको विषय हेर्ने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयले पाएको छ तर सो देवानी दायित्वको विषयमा व्यक्तिलाई थुनामा राख्न मिल्दैन। न्यायिक अधिकारीको काम कारबाही जहिले पनि Justice Oriented हुनुपर्छ। न्याय गर्न बसेको अधिकारीको काम कारबाही तार्किक र न्यायिक नभएमा त्यस्तो काम कारबाहीउपर प्रश्न उठ्छ। पैसा नभएकै कारण गरिबले न्याय नपाउने अवस्था सिर्जित गरिएको छ। माग गरिएको धरौटी वा जेथा जमानत दिन असमर्थ भएको कारण नै हाम्रो पक्ष लामो समयसम्म गैरकानूनी रुपमा थुनामा बस्नुपर्ने अवस्था देखिन्छ। तसर्थ औषधी उपचार, किरियाखर्च र क्षतिपूर्तिको विषयमा धरौटी वा जेथा जमानत माग गरी दिन नसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले थुनामा राख्न पाउने हो वा होइन भन्ने सम्बन्धमा सम्मानित अदालतबाट विस्तृत व्याख्या हुनु आवश्यक छ। सो विषयमा विस्तृत व्याख्यासमेत होस् र बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी हाम्रो पक्षलाई गैरकानूनी थुनाबाट मुक्त गरियोस् भनी बहस प्रस्तुत गर्नुभयो।

१३. विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री प्रतिमा दाहालले सवारी तथा यातायात ऐन, २०४९ मा भएको व्यवस्था अनुसार औषधी उपचार, किरियाखर्च र क्षतिपूर्तिको हकमा जिल्ला प्रशासन कार्यालयमा नै अभियोगपत्र दायर गरिन्छ। र सो विषयमा थुनछेक गर्ने र धरौट तथा जेथा जमानत माग गर्ने अधिकार प्रमुख जिल्ला

अधिकारीलाई छ। निवेदकबाट पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम माग गरिएको नगद धरौट रु.९,२००००।- निवेदकले दिन नसकेकाले सोही दफा ६८(२) बमोजिम थुनामा राख्न पठाइएको हो। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(२) बमोजिम पीडित र मृतकको परिवारलाई तत्काल राहत तथा क्षतिपूर्ति भराउनु पर्ने हुँदा धरौटी तथा जमानत माग गर्नु प्रमुख जिल्ला अधिकारीको कानूनी बाध्यता हो। धरौटी वा सो बराबरको जेथा जमानत माग गर्ने प्रमुख जिल्ला अधिकारीको आदेशलाई क्षेत्राधिकारविहीन तथा गैरकानूनी भन्न मिल्दैन। कानूनले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले धरौटी माग गरेकोमा सो आदेश बारा जिल्ला अदालतबाट समेत सदर भएको अवस्था छ। तसर्थ बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१४. यसमा रामगुलाम दासको नाममा दर्ता रहेको मोटसाइकल निवेदक राजकिशोर यादवले मागी राकेश दास भन्ने उमेशकुमार दासलाई चलाउन दिई आफू पछाडि बसी घरबाट कलैयातर्फ जाँदै गरेकोमा साइकल चालक जाहेरवालाको ७० वर्षको हजुरबुवा सत्यनारायण ठाकुरलाई निज राकेश दासले चलाएको मोटरसाइकलले ठक्कर दिई घाइते बनाएकोमा उपचारको क्रममा मृत्यु भएकोले निज राकेश दास र निवेदकसमेत उपर रामपुकार ठाकुरको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी राजकिशोर प्रसाद यादवसमेत भई चलेको सवारी ज्यान मुद्दामा प्रतिवादीउपर यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) को कसूरमा बारा जिल्ला अदालतमा अभियोग पत्र दायर भई मिति २०८१।०८।०७ मा बारा जिल्ला अदालतले निवेदकबाट रु.१५,०००।– (पन्ध्र हजार) नगद धरौट वा सो बराबरको जेथा जमानत माग गरेकोमा माग बमोजिमको नगद धरौटी दाखिला गरी निवेदक तारिखमा रहेको देखिन्छ। सोही घटनाका विषयमा ऐ. ऐनको दफा १६३ बमोजिम औषधी उपचार, किरिया खर्च तथा क्षतिपूर्ति खर्च दिलाई पाउँ भन्ने मुद्दामा जिल्ला प्रशासन कार्यालय बाराबाट मिति २०८१।०९।०२ मा रु.९,२०,०००।- (नौ लाख बिस हजार रुपैयाँ) धरौट वा सो बराबरको जेथा जमानत माग गर्ने आदेश भएकोमा उक्त धरौटी रकम बुझाउन नसकेका कारण निवेदक राजकिशोर प्रसाद यादव थुनामा रहेको देखिन्छ। जिल्ला प्रशासन कार्यालय बाराको सो आदेश विरुद्ध निवेदकको बारा जिल्ला जिल्ला अदालतमा निवेदन परेकोमा जिल्ला प्रशासन कार्यालय बाराको आदेश सदर हुने गरी बारा

जिल्ला अदालतबाट समेत आदेश भएको देखिन आउँछ। निवेदकले आफूलाई औषधी उपचार, किरियाखर्च र क्षतिपूर्तिको विषयमा जिल्ला प्रशासन कार्यालय बारामा दायर भएको मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा ऐ.दफा ६८(१) बमोजिम नगद धरौट वा जेथा जमानत माग गरी दिन नसकेको अवस्थामा ऐ.६८(२) बमोजिम थुनामा राख्ने गरी भएको आदेश गैरकानूनी रहेको भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दिएकोमा सो बन्दी प्रत्यक्षीकरणको रिट निवेदनसमेत जिल्ला प्रशासन कार्यालय बाराको आदेशलाई कानून बमोजिमको ठहर गर्दै खारेज भएको देखिन्छ।

१५. तत्पश्चात् निवेदकको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ ले दफा ६७ को अवस्थामा हुनेमा बाहेकका अन्य अभियुक्तउपर अभियोग प्रमाणित हुने मनासिव आधार भएमा धरौट माग गर्न सक्ने व्यवस्था अदालतले मात्र प्रयोग गर्न सक्नेमा जिल्ला प्रशासन कार्यालयबाट उक्त कानूनको गलत प्रयोग गरी धरौट माग गरिएको र ऐ दफा ६८ (२) अनुरुप थुनामा राख्ने कार्य गरिएको छ। आकर्षित हुनै नसक्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ (१) लगाई धरौट माग गर्ने गरी भएको आदेश गैरकानूनी हुनुका साथै ने.का.प.२०७८ अङ्क १२, नि.नं.१०८०२ मा प्रतिपादित नजिर सिद्धान्त प्रतिकूल रहेकोले जिल्ला प्रशासन कार्यालय बाराको आदेश र सो आदेशलाई सदर गरेको बारा जिल्ला अदालतबाट भएको आदेश बदर गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी यस अदालतमा प्रस्तुत रिट निवेदन पर्न आएकोमा प्रतिवादीबाट माग गरिएको नगद धरौट वा सो बराबरको जेथा जमानत दिन नसकेकोले थुनामा राख्न पठाइएको हो भनी विपक्षीले जिकिर लिएको देखिन्छ।

१६. प्रस्तुत रिट निवेदन यस अदालतको संयुक्त इजलासमा पेस भएकोमा सो निवेदनउपर सुनुवाई गर्दै यस अदालतको संयुक्त इजलासले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) बमोजिमको घाँ खर्च, उपचार खर्च र क्षतिपूर्ति बापतको रकम सोही ऐनको दफा १६१ र १६२ बाट सिर्जित दायित्व भई सो दफा १६३(२) बमोजिम घाँ खर्च, उपचार खर्च र क्षतिपूर्ति दुर्घटनाबाट ज्यान मरेको भए मर्ने व्यक्तिको हकवालालाई किरिया खर्च र क्षतिपूर्ति र अङ्गभङ्ग भएको भए घाँ खर्च "तत्काल" भराई दिनुपर्ने प्रकृतिको

देखिएको र त्यस्तो रकम तत्काल उपलब्ध नगराए सोको औचित्य र सान्दर्भिकता समेत समाप्त हुने भएकाले प्रमुख जिल्ला अधिकारीले त्यस्तो रकम तत्कालै भराई दिनुपर्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रमुख जिल्ला अधिकारीले घाँ खर्च, उपचार खर्च तथा क्षतिपूर्ति बापतको रकम धरौटी राख्न दिएको आदेश र सो आदेश सदर गर्ने ठहर गरेको बारा जिल्ला अदालतको आदेश कानूनसम्मत देखिँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी नहुने तर विकाश तामाङको हकमा पिता वीरबहादुर तामाङ विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौँसमेत भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा (ने.का.प.२०७८ अङ्क १२, नि.नं.१०८०२) तथा निवेदक पुजन तिमल्सेनाको हकमा सुलभ खरेल विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा (ने.का.प.२०७८ अङ्क १२, नि.नं.१०८६५) मा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ र १६२ बमोजिम दायर भएको मुद्दाको किनारा नभएसम्म ऐ.दफा १६३ अन्तर्गत दायर भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादीबाट धरौटी माग गर्न समेत नमिल्ने भनी भएको व्याख्या र प्रतिपादित सिद्धान्त नेपालको संविधान प्रदत्त अपराध पीडितको हक एवम् दफा १६३ को व्यवस्था एवम् मर्म अनुकूल नभएको भनी उक्त व्याख्या र प्रतिपादित सिद्धान्त प्रति असहमति जनाई आदेशसहितको रिट निवेदन यस इजलासमा पेस गर्ने भनी मिति २०८२।८।७ मा आदेश भए अनुसार प्रस्तुत रिट निवेदन आज यस इजलाससमक्ष पेस हुन आएको पाइयो।

१७. उल्लिखित तथ्य, जिकिर एवम् संयुक्त इजलासको आदेशसमेत रहेको प्रस्तुत रिट निवेदनमा विद्वान् वरिष्ठ अधिवक्ता, विद्वान् अधिवक्ता र विद्वान् उपन्यायाधिवक्ता समेतले गर्नुभएको बहस जिकिर सुनी निम्न विषयमा निर्णय दिनुपर्ने देखियो।

**(क)निवेदकको मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने हो वा होइन?**

**(ख)नि.नं.१०८०२ र नि.नं.१०८६५ मा भएको व्याख्या र प्रतिपादित सिद्धान्त सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ को मर्म प्रतिकूल भई सो व्याख्या र सिद्धान्तले सो दफा १६३ को प्रावधानलाई निष्तेज पार्ने देखिन्छ वा**

**देखिँदैन?**

१८. अब निर्णय गर्नुपर्ने पहिलो प्रश्नको हकमा विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ मा **"अदालत भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनुपर्छ र सो शब्दले कुनै खास किसिमका फौजदारी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न कानूनबमोजिम अधिकार प्राप्त अन्य अदालत, निकाय वा अधिकारी समेतलाई जनाउछ"** भन्ने र ऐ.दफा ३ को उपदफा (१) मा छुटै कानूनी व्यवस्था भएकोमा असर नपर्ने भन्ने शिर्षककमा **"कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र, सुनुवाई फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छुटै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्ता विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन"** भन्ने तथा ऐ.उपदफा (२) मा **"उपदफा (१) मा उल्लिखित छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहिताको व्यवस्था लागू हुनेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। **"मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ र ३(१) अनुसार अदालत भन्ने वाक्याँशले प्रमुख जिल्ला अधिकारीलाई समेत समेटने र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दायर हुने मुद्दामा फौजदारी कार्यविधि संहिता, २०७४ को कार्यविधि नै लागू हुने देखिँदा अभियोगपत्रको रुपमा मागदाबी लिई आफूसमक्ष पेस हुने विषयमा प्रमुख जिल्ला अधिकारीले स्वभाविक रुपमा सो संहिताको कार्यविधि अवलम्बन गर्नु पर्ने देखिन आउँछ"**। यस क्रममा प्रमुख जिल्ला अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ मा भएको थुनछेक सम्बन्धी व्यवस्थाको प्रयोग गर्ने गरेको देखिन्छ। सो परिच्छेदको ऐ. दफा ६८ को उपदफा (१) मा **"दफा ६७ को अवस्था हुनेमा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिव आधार भएमा अदालतले निजसँग धरौटी, जमानत वा बैङ्क जमानत लिई तारेखमा राख्न सक्नेछ"** भन्ने तथा ऐ.उपदफा (२) मा **"उपदफा (१) बमोजिम धरौट, जमानत वा बैङ्क जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। त्यस्तै ऐ.दफा ६९ मा **"दफा ६७ र दफा ६८ को अवस्थामा बाहेक अन्य अवस्थामा अभियुक्त अदालतमा हाजिर भएपछि निजलाई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। अभियोगपत्रको रुपमा मागदाबी लिई पेस भएको मुद्दामा थुनछेक आदेश गर्दा वा सोपश्चात् अवलम्बन गर्नुपर्ने प्रक्रियाको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,

२०७४ को परिच्छेद ७ को  ६८ र ६९ समेतका दफाहरुमा उल्लेख भएको कार्यविधि एवम् प्रक्रिया बाहेक पृथक कानूनी व्यवस्था वा अन्य निश्चित कार्यविधि एवम् प्रक्रियाहरु निर्धारित भएको नदेखिएको अवस्थामा प्रमुख जिल्ला अधिकारीलेसमेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २(१) बमोजिम सोही परिच्छेद ७ का दफाहरुमा उल्लिखित प्रक्रियाहरु बाध्यात्मक रुपमा अवलम्बन गर्नुपर्ने हुन्छ। अभियोगपत्रको विषयवस्तु तथा मागदाबीको प्रकृति अनुरुप प्रमुख जिल्ला अधिकारीले उल्लिखित कार्यविधि एवम् प्रक्रियाहरुको अवलम्बन गरी प्रतिवादीबाट नगद धरौट वा जेथा जमानत माग गर्ने वा तारिखमा राखी मुद्दा पुर्पक्ष गर्न सक्ने नै देखिएकोमा धरौट वा जेथा जमानत माग गर्ने कार्यविधि र प्रक्रिया केबल अदालतले मात्र प्रयोग गर्न सक्ने प्रमुख जिल्ला अधिकारीमा त्यस्तो कार्यविधि र प्रक्रिया प्रयोग गर्ने क्षेत्राधिकार नरहेकोले प्रयोग गरेको अवस्थामा गैरकानूनी हुने भनी अर्थ गर्न मिल्ने देखिएन। यस अर्थमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ को ६८ र ६९ समेतका दफाहरुमा उल्लेख भएको कार्यविधि एवम् प्रक्रियाहरु प्रयोग गरी प्रमुख जिल्ला अधिकारीबाट भएको आदेश र काम कारवाहीलाई क्षेत्राधिकार बाहिरको वा गैरकानूनी घोषित गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन।

१९. प्रमुख जिल्ला अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ मा उल्लिखित कार्यविधिको प्रयोग गर्न सक्ने देखिए तापनि प्रस्तुत निवेदनको मूल विषय भनेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) बमोजिमको घाँ खर्च, किरिया खर्च तथा क्षतिपूर्ति भराउने मुद्दामा धरौटी वा जमानत माग गर्न नपाइने दफा ६९ बमोजिम तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने भन्ने रहेकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ को कानूनी व्यवस्थालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) को सापेक्षतामा समेत हेर्नुपर्ने हुँदा प्रथमतः सो दफा १६३(२) मा भएको व्यवस्थातर्फ दृष्टिपात गर्नुपर्ने देखिन्छ। सो दफा १६३(२) मा रहेको कानूनी व्यवस्था निम्नबमोजिम रहेको देखिन्छः-

२०. दफा १६३. घाँ खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिन **(१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहायबमोजिम**

घाँ खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराइ दिनुपर्छः-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई किरिया खर्चबापत पचास हजार रूपैयाँसम्म र क्षतिपूर्तिबापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐनबमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम।

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सोको क्षतिपूर्तिबापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐनबमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घाँ खर्चबापत पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई किरियाखर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घाँ खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराइदिनु पर्छ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्चबापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट पच्चीस हजार रूपैयाँ दिलाई दिनुपर्छ। त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्चबापत दिएको रकम कट्टा गरी बाँकी पाउने रकम मात्र दिइने छ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम भराइने घाँ खर्च, किरिया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशतभन्दा बढी चालकबाट भराइने छैन।

२१. उल्लिखित कानूनी व्यवस्थाको बनावट हेर्दा सवारी दुर्घटनामा घाइते भएकालाई घाँ खर्च र मृतकको परिवार वा हकवालालाई राहत स्वरुप किरिया खर्च तथा क्षतिपूर्ति भराई दिने सम्बन्धमा व्यवस्था भएको देखिन्छ। यस्तो खर्च वा क्षतिपूर्ति दुर्घटना पीडित वा निजको परिवार वा हकवालालाई चालक, सवारी धनी वा व्यवस्थापकबाट प्रमुख जिल्ला अधिकारीले

तत्कालै भराई दिनुपर्ने देखिन आउँछ। दुर्घटनाबाट घाइते भएकाले पाउनु पर्ने उपचार र दुर्घटनाबाट मृत्यु भएको व्यक्तिको काजकिरिया सम्पन्न हुनुपर्ने तथा आश्रित परिवारको भरण पोषण समेतका व्यवस्थाको लागि दुर्घटनाबाट पीडित पक्षले यस्तो राहत स्वरुप पाउनुपर्ने खर्च वा क्षतिपूर्ति छिटो छरितो रुपमा तत्कालै प्राप्त हुनुपर्ने देखिन्छ। राहत स्वरुप प्राप्त हुने त्यस्तो खर्च वा क्षतिपूर्तिको प्रकृति नै तत्काल प्राप्त भएमा मात्र सान्दर्भिक र औचित्यपूर्ण हुन सक्छ। समय सापेक्षरुपमा तत्काल प्राप्त हुन नसकेमा त्यस्तो खर्च र क्षतिपूर्तिको समयसामयिकता समाप्त हुनका अतिरिक्त पीडित वा मृतकका आश्रित परिवार उपर अझ पीडा थपिन सक्ने अवस्थालाई दृष्टिगत गरी सो दफा १६३ (२) मा प्रमुख जिल्ला अधिकारीले त्यस्तो रकम तत्काल भराई दिनुपर्ने वाक्यांश परेको देखिन्छ। सवारी दुर्घटनाबाट पीडित वा मृतकको आश्रित परिवारले यस्तो राहत स्वरुपको खर्च जतिसक्दो चाँडो प्राप्त गरोस् भन्ने पवित्र उद्देश्यका साथ विधायिकाले सो कानूनी व्यवस्थामा तत्काल भन्ने वाक्यांश राखी प्रमुख जिल्ला अधिकारीलाई त्यस्तो खर्च र क्षतिपूर्ति दिलाई भराई दिने जिम्मेवारी सुम्पिएकोमा द्विविधा मान्नुपर्ने अवस्था देखिँदैन। कानून समाजलाई व्यवस्थित गर्ने साधन मात्र होइन, बदलिँदो सामाजिक यथार्थसँग सँगै अघि बढ्ने जीवित माध्याम पनि हो। विधायिकाले निश्चित उद्देश्य, नीति र जनहितलाई केन्द्रमा राखेर कानून निर्माण गरेको हुन्छ। तर ती कानूनको प्रभावकारी कार्यान्वयन केबल यान्त्रिक (mechanical) प्रयोगबाट मात्र सम्भव हुँदैन। त्यसका लागि कानूनको सन्दर्भ र उद्देश्य अनुकूल उद्देश्यमूलक एवम् प्रयोजनपरक व्याख्या एवम् प्रयोग आवश्यक हुन्छ। कानून निर्माण गर्नु परेको परिस्थिति, उद्देश्य वा परिणामको विचार नगरी जडवत रुपमा गरिने कानूनको प्रयोग र व्याख्याले तार्किक र न्यायोचित निष्कर्ष भन्दा पनि अन्यायपूर्ण र विधायिक मर्म र उद्देश्य विपरीत परिणाम सिर्जित गर्ने अवस्था रहने हुँदा उद्देश्यमूलक व्याख्या एवम् प्रयोगबाट नै कानूनलाई गतिशील (dynamic) तुल्याई कानूनलाई केबल लिखित दास्तावेजको रुपमा मात्र नभई व्यवहारतः न्याय दिलाउने साधनको रुपमा परिणत गर्न सकिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) मा भएको कानूनी व्यवस्थाले सवारी दुर्घटनाबाट पीडित र मृतकको परिवारलाई राहत स्वरुप खर्च र क्षतिपूर्ति भराउने मुख्य उद्देश्य लिएको एवम् त्यस कार्यका लागि प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवार पात्रको रुपमा खडा गरेको देखिँदा त्यस्तो राहत भराउने क्रममा

प्रमुख जिल्ला अधिकारी कार्यविधि र प्रक्रियामा मात्र रुमलिनु भन्दा पनि विविध उपाय अवलम्बन गरी पीडित र मृतक परिवारलाई खर्च तथा क्षतिपूर्ति भराउन अग्रसर रही भरी भराउको कार्य गर्न सफल भएको स्थितिमा मात्र उल्लिखित दफा १६३(२) मा भएको कानूनी व्यवस्थाको उद्देश्यकमूलक व्याख्या एवम् प्रयोग भएको तथा सवारी दुर्घटनाबाट पीडित व्यक्तिले साँचो अर्थमा न्याय प्राप्त गरेको अनुभूति गर्न सक्ने अवस्था सिर्जित हुन्छ।

२२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) मा त्यस्तो घाँ खर्च, किरिया खर्च तथा क्षतिपूर्तिसमेत अदालतबाट नै भराउने कानूनी व्यवस्था रहेको देखिए पनि सो ऐनमा भएको प्रथम संशोधनपश्चात् त्यस्तो घाँ खर्च, किरिया खर्च तथा क्षतिपूर्ति अधिकार प्रमुख जिल्ला अधिकारीमा निहित गरेको पाइन्छ। ऐ.ऐनको दफा १६१ र १६२ बमोजिम अभियोगपत्र दायर हुँदा सोही अभियोगपत्रसाथ यस्ता खर्च भराई दिन माग गरी अदालतमा यस्तो विषयवस्तु प्रवेश गराउँदा अदालतमा यस्तो घाँ खर्च, किरिया खर्च वा क्षतिपूर्तिको विषयभन्दा प्रतिवादीलाई सजाय हुने नहुने विषयले प्राथमिकता पाउने र अदालतमा यस्ता राहत स्वरुप प्राप्त हुने रकमको हकमा बेग्लै नबोली फैसला हुँदा मात्र त्यस विषयमा बोलिने एवम् अदालतको तह तहमा हुन सक्ने सम्भावित सुनुवाइका कारण हुन सक्ने अस्वभाविक ढिलाई र पीडितलाई पर्न सक्ने मर्का विचार गरेर नै विधायिकाले यो विषयलाई पृथक रुपमा प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी व्यवस्था गरेकोमा विवाद छैन। अदालतमा निहित अधिकार प्रमुख जिल्ला अधिकारीलाई सुम्पिनु र सो कानूनमा नै “तत्काल” भन्ने वाक्यांश उल्लेख गर्नुमा प्रशासनिक र अर्ध न्यायिक प्रक्रिया अवलम्बन गर्नुका साथै निजमा निहित रहने प्रशासनिक शक्ति, कौशल एवम् सुझबुझ समेतको प्रयोग गरी यथाशक्य छिटो त्यस्तो खर्च वा क्षतिपूर्ति भराई दिन उपयुक्त र सक्षम व्यक्ति हुन सक्ने विश्वासका साथ सो कानूनी अधिकार विधायिकाले प्रमुख जिल्ला अधिकारीमा निहित गरेको देखिन आउँछ। यस अर्थमा प्रमुख जिल्ला अधिकारीले सो दफा १६३(२) मा सन्निहित रहेको विधायिकाको मनसाय बुझी भरी भराउको कार्य गर्न वाञ्छनीय हुन्छ। सो विधायिकी उद्देश्यलाई पूरा गर्न सो दफा १६३ को उपदफा (२) लाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ मा भएको कार्यविधि सम्बन्धी व्यवस्थाको सापेक्षतामा नभई सो दफा ६८ लाई ऐ. दफा १६३(२) को सापेक्षतामा हेर्नुपर्ने हुन्छ। किनकी दफा ६८ को व्यवस्था स्वयंमा साध्य नभई कार्यविधिगत साधन सम्म भएकोले

सो दफा ६८ को प्रयोग ऐ.दफा १६३(२) को व्यवहारिक एवम् न्यायोचित प्रयोगका लागि हुन आवश्यक छ। जिल्ला प्रशासन कार्यालयमा सो दफा १६३(२) बमोजिम घाँ खर्च, किरिया खर्च वा क्षतिपूर्तिको विषयलाई प्रवेश गराउनुको एकमात्र उद्देश्य दण्ड जरिबाना नभई त्यस्तो खर्च तथा क्षतिपूर्ति भरी भराउ गर्ने सम्म रहेकोले प्रमुख जिल्ला अधिकारीले त्यस्ता घाँ खर्च, किरिया खर्च वा क्षतिपूर्तिको भराइ दिने उपाय स्वरुप प्रथमतः औपचारिक तबरले अगाडि बढाउने भन्दा पनि सवारी दुर्घटनाबाट पीडितका हकवाला तथा चालक, सवारी धनी र व्यवस्थापकहरुका बिचमा छलफल र समन्वय गरी दुवै पक्षलाई स्वीकार्य विन्दुमा पुऱ्याई सहमतिको माध्यमबाट छिटो छरितो रुपमा भरी भराउको कार्य गर्नु गराउन सकेको अवस्थामा सो कानूनी व्यवस्थाको मर्म अनुकूल हुने देखिन्छ। त्यस्तो छलफल र समन्वयबाट भरी भराउका विषयमा उचित निकास नआए अर्थात् त्यस्तो खर्च दिनुपर्ने दायित्व भएका चालक, सवारी धनी तथा व्यवस्थापकले पीडित वा मृतकका परिवारले पाउनुपर्ने त्यस्तो राहत स्वरुपको खर्च दिन इन्कार गरेको वा सहमति हुन नसकी भरी भराउको कार्य हुन नसकेमा मात्र ऐ.दफा १६३(२) बमोजिम भरी भराउ प्रयोजनका लागि न्यायिक प्रक्रियालाई विकल्पको रुपमा प्रयोग गर्न उपयुक्त हुने देखिन्छ।

२३. सवारी दुर्घटना जस्ता वारदातमा घाँ खर्च, किरिया खर्च र क्षतिपूर्ति भराउने कार्यलाई फौजदारी कसूरमानी कारबाही गरिने भए तापनि यसको मूल उद्देश्य पीडित वा हकवालालाई राहत तथा क्षतिपूर्ति भराउनु हो। तसर्थ यससँग सम्बन्धित कानूनको प्रयोग सोही प्रयोजनका लागि गरिनु पर्दछ। ऐ.दफा १६३ ले त्यस्तो खर्च र क्षतिपूर्ति चालक, सवारी धनी र व्यवस्थापकबाट पीडित वा मृतकको हकवालालाई भराई दिनुपर्ने व्यवस्था रहेको देखिन्छ। यद्यपी, त्यस्तो खर्च तथा क्षतिपूर्ति चालकबाट पाँच प्रतिशत सम्म भराउनु मिल्ने देखिँदा सवारीधनी वा व्यस्थापक मध्ये भराउन सक्ने आर्थिक हैसियतको व्यक्तिबाट तत्काल कानूनी प्रक्रिया पूरा गरी भराउनुपर्ने हुन्छ। भरी भराउ गर्न सक्ने व्यक्तिबाट नभराउने तर भरी भराउ गर्न नसक्ने व्यक्तिबाट धरौटी वा जमानत माग गरी दिन नसक्दा थुनामा राख्ने कार्यले एकातर्फ व्यक्तिले अन्यायपूर्ण थुनामा बस्नु पर्ने देखिन्छ भने अर्कोतर्फ कानूनको मर्म अनुरुपको राहत र क्षतिपूर्ति भराउने उद्देश्य पनि पूरा नहुने देखिन्छ। यस्तो अवस्थाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७, ६८ र ६९ को प्रयोग असमानुपातिक र क्षेत्राधिकारविहीन स्थितिमा परिणत हुन सक्नेतर्फ पनि संवेदनशील

हुन आवश्यक देखिन्छ।

२४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ र ६८ को प्रकृति र वनावट हेर्दा निश्चित प्रकारका मुद्दामा कैद र जरिबानाको सजाय हुने फौजदारी कसूरहरुका सम्बन्धमा अभियुक्तलाई थुनामा राख्ने वा तत्काल प्राप्त प्रमाणबाट थुनामा नै राख्नु पर्ने अवस्था नरहे धरौट वा जमानत माग गर्ने र त्यस्तो जेथा वा जमानत दिन नसक्ने अभियुक्तलाई थुनामा राख्ने व्यवस्था रहेको देखिन्छ। ऐ.दफा ६७ र ६८ को व्यवस्था आकर्षित हुने बाहेकका अभियुक्तलाई अदालतमा अर्थात् मुद्दा हेर्ने अधिकारी समक्ष हाजिर भएपछि ऐ.दफा ६९ बमोजिम तारिखमा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने छ भन्ने व्यवस्था देखिन्छ। वस्तुतः सजायको मागदाबी लिई दायर भएको अभियोगपत्रमा थुनछेक गरी तत्काल प्राप्त प्रमाणको आधारमा कसूरदार देखिए पुर्पक्षका लागि थुनामा राख्ने आदेश गर्ने, नगद धरौट वा सो बराबरको जेथा तथा बैङ्क जमानत माग गर्ने सो धरौट वा जमानत दिन नसके थुनामा राख्ने कार्य पछाडिको अन्तर्य भनेको मुद्दामा अभियुक्तलाई हुन सक्ने सम्भावित कैद जरिबानाको कार्यान्वयनको प्रत्याभूति हो। पछि अभियुक्त कसूरदार ठहर भए पुर्पक्षका लागि बसेको अवधि समेत कट्टा हुने प्रावधान समेत कानूनमा व्यवस्थित गरिएको हुन्छ। तर ऐ.दफा १६३(२) बमोजिम केवल घाँ खर्च, कृया खर्च र क्षतिपूर्ति भरी भराउको लागि मात्र जिल्ला प्रशासन कार्यालयमा अभियोगपत्र दायर गरिने भएकोले कैद र जरिबाना रहित कारबाही हुँदा यस्तो मुद्दामा धरौटी वा जमानत दिन नसकेको आधारमा नै राखिएको थुनाको औचित्य पुष्टि गर्ने कुनै कानूनी आधार समेत देखिँदैन। त्यस्तो विषयमा कैद वा जरिबाना नहुने एवम् घाँ खर्च, कृया खर्च र क्षतिपूर्तिलाई कैदमा परिणत गरी कट्टा गर्न समेत मिल्ने नदेखिनुका साथै क्षतिपूर्ति भरी भराउन हुन नसकेको अवस्थामा सम्बन्धित पक्षले त्यस्तो क्षतिपूर्तिको अङ्क बापत क्षतिपूर्ति दिनुपर्ने ठहरेको व्यक्तिलाई कैदमा राख्न सक्ने देखिए तापनि त्यस्तो कैदमा बस्नु पर्दा समेत धरौटी वा जमानत दिन नसकी थुनामा बसेको अवधि कट्टा गर्न मिल्ने देखिँदैन। यस दृष्टिले दफा १६३(२) घाँ खर्च, कृया खर्च र क्षतिपूर्तिको हकमा त्यस्तो भरी भराउ गर्नुपर्ने दायित्व भएका व्यक्तिलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्नुका पछाडिको औचित्य र न्यायोचित आधार पुष्टि हुन सक्ने अवस्थाको विद्यमानता देखिन आउँदैन। त्यस्तो कैद कानून बमोजिमकै भए तापनि त्यस्तो कैदले कैद बस्ने व्यक्तिको दायित्वलाई घटाउने, सीमित पार्ने वा समाप्त

गर्ने अवस्था नदेखिँदा त्यसरी पुर्पक्षका लागि बसेको कैद निरर्थक र अन्यायपूर्ण भनी स्वभाविक रुपले प्रश्न उठ्न सक्ने देखिन्छ। साथै, त्यस्तो थुनाको सीमा कति हुने वा कहिले सम्म थुनामा राखिने हो, त्यसरी थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्दा निर्णयमा त्यस्तो थुनाको न्यायोचितता कसरी पुष्टि गर्ने हो? आदि विषयहरु सोही प्रश्नका साथ सिर्जित हुने देखिन्छ। यद्यपि, यस प्रकृतिका थुना र प्रमुख जिल्ला अधिकारीको यस्तो थुनामा राख्ने आदेशको निरन्तरतामा सो प्रश्नहरु अनुत्तरित नै रही रहने गरेको देखिन आउँछ।

२५. अदालतमा दायर हुने पृथक अभियोगपत्र मार्फत कैद र जरिबानाको सजाय भोगिसकेको वा भोग्नु पर्ने अवस्था भएको व्यक्तिलाई कुनै प्रयोजनका लागि गणना नहुने र कुनै दायित्वमा कट्टा नहुने यस प्रकारको थुनामा राख्ने कार्य निजलाई अदालतले तोकेको र निजले भोग्नुपर्ने सजाय भन्दा बाहेकको सजाय भएको देखिएकाले त्यस्तो थुनामा राख्ने कार्य नेपालको संविधानको धारा १७ मा रहेको स्वतन्त्रताको हक तथा धारा २०(४) मा भएको न्याय सम्बन्धी हकको संवैधानिक व्यवस्थासमेतको मर्म विपरीत हुन्छ। फौजदारी दायित्वबाट सिर्जित भएको दायित्व हुँदा र अभियोगपत्रको रुपमा जिल्ला प्रशासन कार्यालयमा प्रवेश गराइने हुँदा निरपेक्ष रुपमा देवानी दायित्वको विषय नभए तापनि मुद्दा भरी भराउ सम्म मात्र सीमित हुने देखिँदा ऐ.दफा ६९ बमोजिम तारिखमा राख्नै नमिल्ने वा थुनामा नै राख्ने पर्ने भन्ने कानूनी बाध्यता समेत देखिँदैन। ऐ.दफा ६९ मा दफा ६७ र ६८ को अवस्थामा बाहेक अन्य अवस्थामा अभियुक्त अदालतमा हाजिर भएपछि निजलाई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट यस प्रकृतिको मुद्दामा प्रमुख जिल्ला अधिकारीलाई त्यस्तो राहत तथा क्षतिपूर्ति दिनुपर्ने दायित्व भएको व्यक्तिलाई थुनामा नराखी मुद्दा पुर्पक्षका लागि तारिखमा राख्ने कानून आधार प्रदान गरेकै पाइन्छ। तारिखमा नै राखी मुद्दाको पुर्पक्ष गर्दा उचित र न्यायोचित निकास आउने अवस्था देखिए र थुनामा नै राख्दा समेत त्यस्तो राहत र क्षतिपूर्ति भरी भराउ हुन सक्ने नदेखिए तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु उचित र न्यायोचित विकल्प हुने देखिन्छ। त्यसकारण सो **दफा १६३(२) बमोजिम दायर हुन आएका घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्ति मुद्दामा निवेदक जस्ता भरी भराउ गर्नुपर्ने दायित्व भएका व्यक्तिलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्दा सम्बन्धित व्यक्तिले त्यस्तो खर्च र क्षतिपूर्ति भरी दिन नसकेमा मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम दैनिक तारिखमा राख्ने, निजको**

**बैङ्क खाता वा चल अचल सम्पत्ति रोक्का राख्ने, पीडित वा मृतकका हकवालाहरु सहमत भएमा छोटो तथा निश्चित अवधि तोकी खर्च भराउने, केही खर्च तत्काल दिलाई केही खर्च निश्चित अवधि भित्र तिर्ने बुझाउने गरी कागज गराउने जस्ता देवानी प्रकृतिका कार्यविधि अपनाई यथाशक्य तत्कालै भरी भराउको कार्य गर्ने वा त्यस्तो मुद्दाको जतिसक्दो चाँडो निर्णय गर्नु नै उपयुक्त एवम् उल्लिखित दफा १६३(२) को व्यवस्था सापेक्ष हुने देखिन्छ।**

२६. तसर्थ, निवेदकलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्दा मात्र उल्लिखित दफा १६३(२) मा भएको कानूनी व्यवस्थाको राहत र क्षतिपूर्ति भराउने उद्देश्य पूरा हुने नदेखिएको बरु तारिखमा राखी निवेदक लगायत सबै सरोकारवालाहरु बिच छलफल तथा सहमति गराई राहत तथा क्षतिपूर्ति भरी भराउन लागि प्रयत्न र पहल गर्न न्यायोचित हुने देखिएकोमा निवेदकबाट असमानुपातिक रुपमा धरौट माग गरी दिन नसेको आधारमा थुनामा राख्ने गरी भएको जिल्ला प्रशासन कार्यालयबाट मिति २०८१।९।२ को आदेश र सो आदेशलाई सदर गरेको बारा जिल्ला अदालतको मिति २०८१।१०।११ को आदेश निरर्थक र अन्यायपूर्ण भई सो आदेशको औचित्य र न्यायोचित आधारसमेत पुष्टि हुन सक्ने अवस्था नदेखिँदा उल्लिखित आदेशहरु बदर गरी थुनामा रहेका निवेदकलाई ऐ.दफा ६९ बमोजिम तारिखमा राखी मुद्दा पुर्पक्ष गर्नु भनी परमादेश जारी गर्न आवश्यक देखिन आयो।

२७. यस अदालतको संयुक्त इजलासले असहमति जनाएको निवेदक विकाश तामाङको हकमा वीरबहादुर तामाङ विरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौंसमेत भएको बन्दी प्रत्यक्षीकरण रिट निवेदन (ने.का.प.२०७८ अङ्क १२, नि.नं.१०८०२) र निवेदक पुजन तिमिल्सेनाको हकमा सुलभ खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको सचिवालयसमेत भएको (ने.का.प.२०७८ अङ्क १२, नि.नं.१०८६५) को बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा संयुक्त इजलासबाट भएको व्याख्या र प्रतिपादित सिद्धान्तको सार हेर्दा उल्लिखित दुबै व्याख्या तथा प्रतिपादित सिद्धान्तमा राहत तथा क्षतिपूर्ति निर्धारण भइसके पश्चात् त्यस्तो राहत तथा क्षतिपूर्ति नतिरेको अवस्थामा कैदको प्रसंग आउने भन्ने देखिन्छ। प्रस्तुत निवेदन सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) बमोजिम घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्ति भरी भराउका लागि दायर हुन आएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले ऐ.दफा ६८ बमोजिम धरौटी माग गर्न नमिल्ने हुँदा ऐ.दफा

६९ बमोजिम तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने भन्ने  देखियो। यद्यपी, यस अदालतको संयुक्त इजलासले अदालती प्रक्रिया समाप्त भएपछि मात्र प्रमुख जिल्ला अधिकारीले घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाउने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम नगद धरौट वा सो बराबरको जेथा माग गर्न नमिल्ने ऐ.दफा ६९ बमोजिम तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने भनी व्याख्या गरेको हुँदा पीडित र मृतकको परिवारले तत्काल राहत प्राप्त हुन सक्ने अवस्था अन्त्य भई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(२) को कानूनी व्यवस्था निष्तेज हुने भन्ने व्याख्या गरेको देखिन आयो। निवेदक विकाश तामाङको हकमा विरबहादुर तामाङ विरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत भएको बन्दी प्रत्यक्षीकरण र निवेदक पुजन तिमिल्सेनाको हकमा सुलभ खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको सचिवालयसमेत भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा राहत तथा क्षतिपूर्ति निर्धारण भइसके पश्चात् त्यस्तो राहत तथा क्षतिपूर्ति नतिरेको अवस्थामा कैदको प्रसंग आउने भन्ने उद्धृत गरेको देखिन आउँछ। दुबै फैसलाहरुले स्पष्टतः सवारी दुर्घटना सम्बन्धी मुद्दाहरुमा अदालती प्रक्रिया समाप्त भइसके पश्चात् मात्र प्रमुख जिल्ला अधिकारीले घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्ति भरी भराउको प्रक्रिया अगाडि बढाउनु पर्ने भनी परिसीमन गरेको देखिँदैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ मा तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले तिर्नुपर्ने क्षतिपूर्ति लगायतका रकम नतिरे नबुझाएमा पाउनु पर्ने पक्षले कैदमा राख्न सक्ने कानूनी व्यवस्था रहेको देखिएकोमा सोही कानूनी प्रसंगलाई उद्धृत गर्दै ती फैसलाहरुमा उल्लेख भएको उक्त शब्दावलीहरुलाई अस्वाभाविक मान्न मिल्दैन। उक्त कानूनी व्यवस्थाको रोहमा पाउनु पर्ने अधिकार राख्ने व्यक्तिले तिर्नु बुझाउनु पर्ने अधिकार भएको व्यक्तिलाई कैदमा राख्न सक्ने नै देखिन्छ। तर संयुक्त इजलासले यस इजलासमा पठाउने आदेश गर्दा ती फैसलामा उल्लिखित उक्त शव्दाबलीहरुको फरक ढंगले व्याख्या गरी अदालती प्रक्रियाको समाप्ति पछिमात्र प्रमुख जिल्ला अधिकारीले राहत तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाउने भन्दा सो दफा १६३ (२) को कानूनी व्यवस्था निष्तेज हुने भनी अर्थ गरेको देखियो। साथै, ती फैसलामा व्यक्त भएको उक्त शव्दावली फैसलाको निर्णयाधार (ratio decidendi) पनि होइन। सो फैसलाहरुको निर्णयाधार भनेको दफा १६३(२)

बमोजिम घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्तिका लागि दायर हुने मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ आकर्षित नहुँने ऐ.दफा ६९ बमोजिम प्रमुख जिल्ला अधिकारीले प्रतिवादीलाई तारिखमा राखी त्यस्तो मुद्दा पुर्पक्ष गर्नुपर्ने भन्ने रहेको देखिन आउँछ। नि.नं.१०८०२ तथा नि.नं.१०८६५ मा भएको व्याख्या भन्दा यस इजलासको व्याख्या केही फरक भए तापनि दफा १६३(२) दायर हुने मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम माग भएको धरौट तथा जेथा जमानत दिन नसकेको कारण राखिने थुनाले दफा १६३(२) को उद्देश्य पूरा नहुने र त्यस्तो थुनाको औचित्य तथा न्यायोचित आधार समेत नदेखिने भन्ने निष्कर्ष तथा राय यस इजलास समेतको रहेकोले सो नि.नं.१०८०२ र नि.नं.१०८६५ मा भएको व्याख्या र प्रतिपादित सिद्धान्तसँग यो इजलासले असहमति राख्नु पर्ने अवस्था देखिएन।

२८. कानूनको व्याख्याको रोहमा प्रतिपादित सिद्धान्त वा नजिर न्यायिक प्रक्रियाको परिणाम मात्र नभई कानूनी विकासको एक सशक्त साधन एवम् माध्यम पनि हो। यो प्रत्येक मुद्दामा स्वतः प्रतिपादन हुने विषय होइन। बरु मुद्दाको तथ्यगत संरचना, सम्बद्ध कानूनी व्यवस्था, न्यायाधीशको विश्लेषणात्मक दृष्टिकोण, सुझबुझ तथा व्यवसायिक क्षमताको समन्वयबाट निष्कर्षका रूपमा विकसित हुने सिद्धान्त हो। यसले कानूनको मौनता वा अस्पष्टतालाई सम्बोधन गरी विधिको स्वाभाविक विकासमा मद्दत पुऱ्याउने कार्य गर्दछ। कानूनका रिक्तता (lacunae) पूर्ति गरी कानूनको व्याख्या मार्फत न्यायिक एकरुपता कायम राख्नुका साथै सामाजिक हितको संरक्षण गर्ने कार्य समेत गर्ने भएकोले न्यायिक सुनिश्चतता (legal certainty) कायम राख्न यो अपरिहार्य छ। त्यसकारण अदालतबाट प्रतिपादित नजिरले संवैधानिक मर्म, कानूनी व्यवस्था तथा सामाजिक हितलाई प्रतिकूल असर पुऱ्याएको स्पष्ट र ठोस आधार नदेखिएसम्म यसलाई परित्याग (overrule) गर्ने कार्यले न्यायिक स्थायित्व (judicial stability) र न्यायिक अनुशासन (judicial discipline) समेतमा गम्भीर अवरोध सिर्जना गर्न सक्ने हुँदा परित्याग अघि अत्यन्त सतर्कता एवम् सावधानीपूर्वक प्रतिपादित नजिर सिद्धान्त, त्यस्तो नजिर प्रतिपादन हुनको आधार र कारण, मुद्दाको तथ्य र सम्वद्ध कानूनको गम्भीर विश्लेषण गरी परित्याग गर्नु पर्ने अपरिहार्यता देखिएमा मात्र परित्याग गर्ने प्रक्रियालाई अगाडि बढाउनु पर्ने हुन्छ। यद्यपी, संयुक्त इजलासले प्रस्तुत रिट निवेदनलाई यस इजलासमा पठाउनु अघि उल्लिखित नि.नं.१०८०२

र नि.नं.१०८६५ मा प्रतिपादित नजिर र फैसलाको समग्र पक्षको अध्ययन र विश्लेषण गरेको देखिएन। उल्लिखित फैसलाहरुमा प्रमुख जिल्ला अधिकारीले दफा ६८ बमोजिम धरौटी माग गर्न नमिल्ने दफा ६९ बमोजिम तारिखमा राख्नु पर्ने ठहर गरे तापनि राहत र क्षतिपूर्ति तत्काल भराउन अवरोध हुने गरी बोलेको देखिँदैन। बरु चालक, सवारीधनी र व्यवस्थापकबाट दफा १६३ मा उल्लेख भएको अनुपातमा न्यायोचित र मनासिव तवरबाट क्षतिपूर्ति भराउने व्यवस्था गर्नु भनी निर्देशात्मक आदेशसमेत जारी गरेको देखिन्छ। साथै, संयुक्त इजलासको आदेशमा सो फैसलामा भएको व्याख्याले तत्काल क्षतिपूर्ति भराउने कार्यमा अवरोध पुर्‍याउने उल्लेख गरे पनि दफा ६८ बमोजिम थुनामा नै राख्दा त्यस्तो क्षतिपूर्ति भरी भराउ गर्न सकिने तथा दफा ६९ बमोजिम तारिखमा राख्दा भरी भराउ हुनै नसक्ने आधार र कारणका बारेमा प्रकाश पार्न सकेको देखिन नआई अस्पष्ट रुपमा उल्लिखित फैसला र सो फैसलामा भएको व्याख्या र प्रतिपादित सिद्धान्त उपर प्रश्न उठाई असहमति जनाएको देखियो। तसर्थ, संयुक्त इजलासका माननीय न्यायाधीशहरुले उल्लिखित नि.नं.१०८०२ र नि.नं.१०८६५ मा भएको व्याख्या र प्रतिपादित सिद्धान्तसँग जनाएको असहमतिमा यो इजलास सहमत हुन सकेन। उल्लिखित दुबै राय एवम् प्रतिपादित सिद्धान्त कायमै रहने ठहर्छ।

२९. अतः माथि विवेचित आधार, कारण र कानूनी व्यवस्था समेतबाट प्रमुख जिल्ला अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ मा उल्लेख भएको कार्यविधि अवलम्बन गरी थुनछेक लगायतका कार्य गर्न सक्ने नै देखिँदा प्रमुख जिल्ला अधिकारीले ऐ. दफा ६८ को प्रयोग गरी भएको काम कारबाहीलाई क्षेत्राधिकार बाहिरको वा गैरकानूनी घोषित गरी बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहर्छ। बन्दी प्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ठहरे तापनि निवेदकबाट असमानुपातिक रुपमा धरौट माग गरी दिन नसेको आधारमा थुनामा राख्ने गरी भएको जिल्ला प्रशासन कार्यालयबाट मिति २०८१।९।२ मा भएको आदेश र सो आदेशलाई सदर गरेको बारा जिल्ला अदालतको मिति २०८१।१०।११ को आदेश अन्यायपूर्ण भई सो आदेशको औचित्य र न्यायोचित आधारसमेत पुष्टि हुन सक्ने अवस्था नदेखिँदा उल्लिखित आदेशहरु उत्पेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब निवेदक राजकिशोर प्रसाद यादव, मोटरसाइकल धनी रामगुलाम

दास र राकेश दासका बिचमा समन्वय र छलफल गराई मृतकको हकवालालाई घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्ति भराउने पहल गर्नू। यदी त्यस्तो पहलबाट भरी भराउ हुन नसकेमा यी निवेदक र अन्य प्रतिवादीहरु समेतलाई दैनिक तारिखमा राखी निवेदकको जग्गा जमिन, बैङ्क खाता लगायत भरी भराउन गर्न सकिने जुनसुकै सम्पत्ति भए रोक्का गरी यथाशक्य चाँडो उल्लिखित घाँ खर्च, कृया खर्च तथा क्षतिपूर्ति मुद्दाको निर्णय गरी कार्यान्वयन गर्नू भनी जिल्ला प्रशासन कार्यालय बाराका नाउँमा परमादेश जारी गरिदिएको छ। प्रस्तुत अन्तिम आदेश कार्यान्वयनको लागि संक्षिप्त आदेश जारी भइसकेकाले थप केही गरिरहनु पर्ने देखिएन। यो आदेश प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू। प्रस्तुत बन्दी प्रत्यक्षीकरण रिट निवेदनको दायरी लगत कट्टा गर्नुका साथै अन्तिम आदेशको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनू।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा सहमत छौं।

(बालकृष्ण ढकाल)
न्यायाधीश

(कुमार रेग्मी)
न्यायाधीश

इजलास अधिकृतः- किरणकुमार सिंह
कम्प्युटर अपरेटर- सुप्रभा अर्याल

**इति संवत् २०८२ साल पौष २४ गते रोज ५ शुभम् ......................................।**